# सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड

को

सातौं वार्षिक साधारण सभाको

निर्णय विवरण (माईन्युट)

| | | |
|---|---|---|
| मिति | : | **२०८१ साल चैत्र २१ गते बिहीवार ।** |
| समय | : | बिहान ११:०० बजे |
| स्थान | : | अमृतभोग, कालिकास्थान, काठमाडौं । |

**१. बैधानिक सभा :**

मिति २०८१ साल फागुन २६ गते बसेको सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको संचालक समितिको १५७ औं बैठकको निर्णय अनुसार बोलाईएको कम्पनीको सातौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहाय बमोजिम सु-सम्पन्न भयो ।

**२. सभाको मिति, स्थान र समय :**

२.१ मिति : २०८१ साल चैत्र २१ गते बिहीबार (तद्नुसार ०३ अप्रिल, २०२५)

२.२ स्थान : अमृतभोग, कालिकास्थान, काठमाडौं ।

२.३ समय : बिहान ११:०० बजे देखि ।

**३. सभाको सूचना :**

३.१ यस कम्पनीको मिति २०८१ साल फागुन २६ गते बसेको सञ्चालक समितिको १५७ औं बैठकबाट मिति २०८१ साल चैत्र २१ गते सातौं वार्षिक साधारण सभा बोलाउने निर्णय गरे अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम मिति २०८१ साल फागुन २७ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा २१ दिन अगाडी सूचना प्रकाशित गरी मिति २०८१ साल चैत्र १४ गतेको कारोवार राष्ट्रिय दैनिकमा पून: स्मरणार्थ दोश्रो सूचना प्रकाशित गरिएको थियो ।

३.२ उल्लेखित साधारण सभाको सूचनाको साथमा आ.व.२०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीको प्रधान कार्यालयबाट प्राप्त गर्न सकिने छ भन्ने सूचना प्रकाशित गरिएको थियो ।

३.३ कम्पनीले आफ्ना शेयरधनी महानुभावहरुलाई जानकारी तथा अध्ययनका लागी उपरोक्त बमोजिमको वार्षिक प्रतिवेदन कम्पनीको Website www.sgic.com.np मा Upload गरिएको थियो ।

**४. आसन ग्रहण :**

४.१ सभामा भाग लिन उपस्थित कम्पनीका अध्यक्ष श्री कुनाल कयाल, सञ्चालकहरु क्रमश:



सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

श्री दिलिप श्रेष्ठ, श्री मिता मुरारका अग्रवाल, डा. हेमन्त कुमार दवाडी, श्री प्रकाश मान श्रेष्ठ, श्री सरस्वती गौतम ज्ञवाली र स्वतन्त्र सञ्चालक डा. अनिल राज भट्टराईले आसन ग्रहण गर्नुभयो ।

४.२ कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री सुद्युम्न प्रसाद उपाध्यायले पनि आसन ग्रहण गर्नुभयो ।

४.३ सभामा सहभागी हुन पाल्नु भएका कम्पनीका पूर्व अध्यक्ष श्री झपट बहादुर बोहरा, संस्थापक शेयरधनीहरु तथा सर्वसाधारण शेयरधनी महानुभावहरुलाई यथास्थानमा आसन ग्रहण गर्नका लागि अनुरोध गरिएको थियो ।

**५. सभाको सभापतित्व :**

कम्पनी ऐन २०६३ को दफा ७४(१) तथा कम्पनीको नियमावलीको नियम ६(१) बमोजिम कम्पनीका अध्यक्ष श्री कुनाल कयालज्यूले साधारण सभाको सभापतित्व गर्नुभई सभाको कार्यक्रम अगाडी बढाउन सभा सञ्चालक एवं कम्पनी सचिव श्री सुबोध लाल श्रेष्ठलाई अनुमति प्रदान गर्नु भयो ।

**६. गणपुरक संख्या :**

कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा यस कम्पनीको नियमावलीको नियम ५(१) बमोजिम साधारण सभा सञ्चालनका लागि कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको उपस्थिति हुनुपर्नेमा आजको यस सभामा कुल शेयर संख्याको ५१.९८ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी ७६५ जना स्वंय तथा १६७ जना प्रोक्सी मार्फत उपस्थिति रहेको हुनाले सभामा गणपुरक संख्या पुगेको र सभाले वैधानिकता प्राप्त गरेको व्यहोरा सभामा जानकारी गराइयो ।

**७. उपस्थिति :**

**(क) सञ्चालकहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री कुनाल कयाल | अध्यक्ष |
| २. श्री दिलिप श्रेष्ठ | सञ्चालक |
| ३. श्री मिता मुरारका अग्रवाल | सञ्चालक |
| ४. डा. हेमन्त कुमार दवाडी | सञ्चालक (प्रतिनिधि एन.आर.एन.अफ्रिका भेन्चर्स लि.) |
| ५. श्री प्रकाश मान श्रेष्ठ | सञ्चालक |
| ६. श्री सरस्वती गौतम ज्ञवाली | सञ्चालक |
| ७. डा. अनिल राज भट्टराई | स्वतन्त्र सञ्चालक |



सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

**ख) शेयरधनीहरुको उपस्थिति :**

| | |
|---|---|
| स्वयं उपस्थिति | ७६५ |
| प्रतिनिधि मार्फत उपस्थिति | १६७ |
| जम्मा उपस्थिति | ९३२ |

**(ग) शेयरधनी उपस्थिति संख्या :**

| कुल चूक्ता शेयर संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | जम्मा | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| २,००,००,००० | ४२,१०,८४२ | ६१,८५,९७५ | १,०३,९६,८१७ | ५१.९८ |

**८.सभामा छलफल गरिने प्रस्तावहरुको सूची प्रस्तुत :**

सभा सञ्चालक एवं कम्पनी सचिव श्री सुबोध लाल श्रेष्ठले पूर्व निर्धारित सूचना अनुसार सभामा छलफलका लागि पेश भएका देहायका प्रस्तावहरु वाचन गर्नुभयो ।

**छलफलका विषयहरु :**

**(क)सामान्य प्रस्ताव :**

(१) कम्पनीको सातौ वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत हुने आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) कम्पनीको लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०८०/०८१ आषाढ मसान्तको वासलात, मिति २०८०।०४।०१ गते देखि २०८१।०३।३१ गते सम्मको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लागि वाह्य लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक कानूनत पुन: नियुक्त हुन योग्य रहेको) ।

(४) संचालक समितिबाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पुँजी रु. २,००,००,००,०००।- मा ०.३९४७ प्रतिशतका दरले नगद लाभांश रु. ७८,९४,७३७-(अक्षरेपी : अठहत्तर लाख चौरानब्बे हजार सात सय सैतिस मात्र) पारित गर्ने । (प्रस्तावित लाभांश कर प्रयोजनार्थ)

**(ख) विशेष प्रस्ताव :**

(१) संचालक समितिबाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पुँजी रु. २,००,००,००,०००।- मा ७.५ प्रतिशतका दरले रु. १५,००,००,०००।-(अक्षरेपी : पन्ध्र करोड मात्र) को बोनश शेयर पारित गर्ने । बोनश शेयर जारी गर्दा जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएबाट सोही अनुरुप प्रबन्धपत्र र नियमावली संशोधन गर्ने ।



सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

(२) छैठौं वार्षिक साधारण सभाबाट पारित २५ प्रतिशत हकप्रद शेयर संशोधन गरि १७ प्रतिशत हकप्रद शेयर जारी गर्ने । हकप्रद शेयर पारित गर्दा भिन्न अंकमा आउने शेयरलाई संस्थापक शेयर र सर्वसाधारण शेयरको अनुपात कायमै राखी नजिकको पुरा अंक कायम गर्ने ।

(३) कम्पनी ऐनको दफा १०५ को उपदफा १(ग) बमोजिम आ.व. २०८०/०८१ मा भएको खर्चको अनुमोदन गर्ने ।

(४) सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरुको बैठक भत्ता संशोधन गर्ने ।

(५) प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अधिकार प्रत्यायोजन गर्ने । संशोधित प्रबन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृती गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो बमोजिम संशोधन वा परिवर्तन गर्न तथा अन्य कार्यहरु समेत गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध :**

९. **वार्षिक प्रतिवेदनको प्रस्तुति :**

सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री कुनाल कयालज्यूले सञ्चालक समितिको तर्फबाट आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन वाचन गरी सभा समक्ष प्रस्तुत गर्नुभयो ।

१०. सभाका सभापतिज्यूले सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नु भए पश्चात कम्पनीको आ.व.२०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण र अनुसूचीहरु तथा NFRS बमोजिमको प्रतिवेदन उपर आ-आफ्नो मन्तव्य, जिज्ञासा, सुझाव, सल्लाह भए छलफलमा सहभागी हुन शेयरधनी महानुभावहरुलाई सभापतिज्यूले अनुरोध गर्नु भएकोमा निम्न शेयरधनी महानुभावहरु छलफलमा सक्रिय रुपमा सहभागी हुनु भई निम्न बमोजिम टिप्पणी, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्नुभयो ।

**१०.१. शेयरधनी श्री सुदिप श्रेष्ठ:**

- शेयरधनीहरुको प्रमुख उद्धेश्य प्रतिफल प्राप्त गर्नु भएको उल्लेख गर्नुभयो ।
- कम्पनीले बोनस शेयर प्रस्ताव गरेकोमा शेयरधनीहरुलाई राहतको महशुस भएको उल्लेख गर्नुभयो ।
- नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम चुक्ता पूँजी रु.२ अर्ब ५० करोड पुऱ्याउन बोनस शेयर पश्चात १७ प्रतिशत हकप्रद शेयर जारीको प्रस्ताव पेश गरेकोमा खुसी व्यक्त गर्दै सोको समर्थन गर्नुभयो ।
- कम्पनीले छोटो अवधिमै एक छुट्टै पहिचान बनाउन सफल भएको र निर्जीवन बीमा कम्पनीहरुको कुल बीमा शुल्कको ६.३८ प्रतिशत बीमा व्यवसाय गर्न सफल भएकोमा खुसी व्यक्त गर्दै आगामी दिनहरुमा अझ सफलता प्राप्त होस भन्ने शुभकामना व्यक्त गर्नुभयो ।



सागरमाथा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

- कम्पनीले खर्चमा मितब्ययिता अपनाई आफ्नै कर्पोरेट भवनको व्यवस्था गर्न सकोस भनि शुभकामना व्यक्त गर्नुभयो ।

**१०.२ शेयरधनी श्री उत्तम दत्त पाण्डे:**

- आर्थिक वर्ष २०८०/०८१ मा विश्व अर्थतन्त्रमा सुधार आएपनि मुलुकको आर्थिक गतिबिधिमा सुसुप्तता आएकोले ब्याजदरमा कमी, वाढी, दैवी प्रकोप, भुकम्पले प्रभावित जानकारी गराउनु भयो ।
- शेयरधनीहरुको चासो कति प्रतिफल दिन्छ भन्ने रहेको जानकारी गराउनु भयो ।
- सो सन्दर्भमा चुक्ता पूँजी रु. २ अर्वको ७.५० प्रतिशत बोनस र सोमा लाग्ने कर प्रयोजनार्थ ०.३९४७ प्रतिशतले नगद लाभाँश तथा १७ प्रतिशत हकप्रद शेयर प्रस्तावको स्वागत गर्नु भयो ।
- हकप्रद शेयर जारी बोनस शेयर बितरण पछि कि अगाडीको चुक्ता पूँजीमा हो स्पष्ट पारिदिनु हुन अनुरोध गर्नुभयो ।
- बिभिन्न समस्याका बावजुत कम्पनीले प्रगति गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

**१०.३ शेयरधनी श्री भेष राज भण्डारी:**

- कम्पनीले बोनस शेयर, नगद लाभाँश तथा हकप्रद शेयर प्रस्ताव गर्नु भएकोमा शेयरधनीको हैसियतले अन्तरहृदय देखि धन्यवाद दिनुभयो ।
- चुक्ता पूँजी बृद्धिका लागी नियामक निकायको निर्देशन आत्मसात गर्दै ७.५० प्रतिशत बोनस शेयर पछिको १७ प्रतिशत हकप्रद शेयर जारीको प्रस्तावको स्वागत र समर्थन गर्नुभयो ।
- हकप्रद शेयरको निवेदन कहिले दिन सकिने हो जानकारी दिनुहुन अनुरोध गर्नुभयो ।
- बिभिन्न प्राकृतिक प्रकोपका कारण हुने भौतिक क्षतिको जोखिम बहन गर्न बीमाको महत्व बढदै गएको छ र यसको दायरा बढाउन कम्पनीले महत्वपूर्ण पाइला चालेकोमा धन्यवाद दिनु भयो ।

**१०.४ शेयरधनी श्री शत्रुधन श्रेष्ठ:**

- बीमा ब्यवसाय देशको अर्थतन्त्रको बिकासको एक मेरुदण्ड भएको उल्लेख गर्नुभयो ।
- यो कम्पनी सबै भन्दा पछिल्लो बीमा कम्पनी भए पनि ७ वर्षको छोटो अवधिमै हरेक सूचकाङ्कमा सक्षम र सवल बन्दै गएको देखिन्छ र आगामी वर्षहरुमा पनि सक्षम हुँदै जानेछ भन्ने अपेक्षा राखेको जानकारी गराउनु भयो ।
- कम्पनीले अहिलेको परिप्रेक्ष्यमा Digitalized Techonology को प्रबिधि अपनाई आफुलाई अझ सक्षम र ग्राहकहरुमा विश्वसनियता जगाउन गर्नु भएको प्रयासको प्रशंसा गर्नुभयो ।



सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

- बिगत केही वर्ष देखि मुलुकको अर्थतन्त्र ह्रासोन्मुख भएता पनि यस कम्पनीले शेयरधनीहरुलाई प्रतिफल दिन सकेकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

**१०.५ शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठ:**

- कम्पनीले पहिलो पटक बोनस शेयर प्रदान गरेको र सो पश्चात १७ प्रतिशत हकप्रद शेयर वितरणको प्रस्ताव पेश गरेकामा स्वागत गर्दै आभार व्यक्त गर्नुभयो ।
- मर्जर पछि समग्रमा यस कम्पनीको सूचकाङ्क गत वर्ष भन्दा राम्रो भएकोले आगामी वर्षमा कम्पनीले व्यवसाय वृद्धि गर्दै बढी प्रतिफल दिने आशा गर्नुभयो ।

**१०.६ शेयरधनी श्री उद्धव प्रसाद धिमिरे:**

- कम्पनीले छोटो अवधिमै राम्रो प्रगति गर्दै शेयरधनीहरुलाई प्रतिफल प्रदान गर्न सफल भएकोमा व्यवस्थापनलाई धन्यवाद दिनुभयो ।
- वित्तीय विवरणमा उल्लेखित सूचकाङ्क सन्तोषजनक देखिएको जानकारी गराउनु भयो ।
- सभामा पेश भएका सम्पूर्ण प्रस्तावहरुमा पूर्ण समर्थन जनाउंदै हकप्रद शेयर छिटो जारी गर्ने व्यवस्था गर्न अनुरोध गर्नुभयो ।

**१०.७ शेयरधनी श्री ई.बैजुनाथ रौनियार:**

- कम्पनीले ७.५० प्रतिशत बोनस शेयर तथा ०.३९४७ प्रतिशत नगद लाभाँशका साथै १७ प्रतिशत हकप्रद शेयर प्रस्ताव गर्नु भएको धन्यवाद ज्ञापन गर्नुभयो ।
- यस पश्चात नियामक निकायले तोकेको रु.२ अर्व ५० करोड चुक्ता पूँजी पुग्ने भएकोमा सञ्चालक समिति र ब्यवस्थापनलाई बधाई दिनु भयो ।
- वित्तीय विवरणमा कम्पनीको Vision, Mission, Value उल्लेख गरेको छ । यसबाट कम्पनीले राम्रो प्रगति गरेको देखिन्छ । २०७५ साल आषाढ २७ गते कारोवार शुरु गरी कम समयमा कम्पनीले प्रगति गरी प्रतिफल दिन सफल भएको जानकारी गराउनु भयो ।
- फलस्वरुप कम्पनीको नेटवर्थमा वृद्धि भएको, प्रति शेयर आम्दानीमा वृद्धि भएको र शेयर मार्केटमा मुल्य वृद्धि भएको उल्लेख गर्नुभयो ।
- आज प्रस्तुत प्रस्तावहरु प्रति आफ्नो पूर्ण समर्थन रहेको र आगामी दिनमा पनि शेयरधनीहरुलाई राम्रो प्रतिफल दिनु हुनेछ भन्ने आशा व्यक्त गर्नुभयो ।

**१०.८ शेयरधनी श्री ध्रुवराज न्यौपाने:**

- प्रस्तुत वित्तीय विवरणमा Solvency Margin राम्रो भएको उल्लेख गर्नुभयो ।
- मर्जर पछि चुक्ता पूँजी रु.२ अर्व रहेकोमा बोनस शेयर र हकप्रद शेयर जारी पछि चुक्ता पूँजी रु.२ अर्व ५० करोड पुग्नेमा खुशी व्यक्त गर्नुभयो ।
- लगानीको प्रतिफल कम देखिएकोले त्यस तर्फ ध्यान दिन अनुरोध गर्नुभयो ।



सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

- Special Reserve कमजोर भएको, Premium Retention बढाउनु पर्ने, पुनर्बीमा व्यवस्था पुनरावलोकन गर्नु पर्ने तथा लगानी बढाउनु पर्ने उल्लेख गर्नुभयो ।
- वित्तीय विवरणमा सम्पूर्ण तथ्यांङ्क राम्रोसंग पेश भएको जानकारी गराउनुभयो ।
- कम्पनीको Retain Earning धेरै छ । यसैबाट शेयरधनीहरुलाई प्रतिफल प्रदान गरे राम्रो हुने जानकारी गराउनु भयो ।
- अन्त्यमा, कम्पनीको भवन निर्माणका लागी लगानी गर्न अनुरोध गर्दै धन्यवाद ज्ञापन गर्नुभयो ।

**१०.९ शेयरधनी श्री ब्रम्हदेव शाक्य:**

- यस सातौं वार्षिक साधारण सभामा ७.५० प्रतिशत बोनस शेयर तथा कर प्रयोजनार्थ नगद लाभाँश प्रस्ताव पेश भएकोमा उक्त प्रस्तावहरुको सहर्ष समर्थन गर्दै त्यस्तो प्रस्ताव ल्याउने सक्ने गरी काम गर्नुहुने सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।
- अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको प्रतिवेदन यथार्थपूर्णका साथै उत्साहप्रद रहेको जानकारी गराउनु भयो ।
- नियामक निकाय नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम न्यूनतम चुक्ता पूँजी पुऱ्याउन हकप्रद शेयर प्रस्ताव ल्याएको सार्न्दभिक रहेको जानकारी गराउनु भयो ।
- प्रमुख कार्यकारी अधिकृतको प्रतिबद्धतामा व्यवसायलाई आधुनिकिकरण गर्नुका साथै बीमा सचेतना कार्यक्रमलाई फराकिलो पार्दै बजार बिस्तार गर्ने योजना समय सापेक्ष रहेको उल्लेख गर्नुभयो ।
- सञ्चालक समितिका सदस्यको बैठक भत्ता बढाउने प्रस्ताव गरिएकोमा आफ्नो बिमती नरहेको जानकारी गराउनु भयो ।
- अन्त्यमा, कम्पनीको उन्नति र प्रगतिका लागी काम गर्नुहुने सञ्चालक समिति, व्यवस्थापन समुह र कर्मचारीहरुलाई धन्यवाद दिनुभयो ।

**१०.१० शेयरधनी श्री इन्द्र प्रसाद लामिछाने:**

- कम्पनीमा दक्ष व्यवस्थापकहरु रहनु भएको छ र उहाँहरुको अनुभव, क्षमता र दक्षताले कम्पनीले राम्रो प्रगति गरी शेयरधनीहरुलाई राम्रो प्रतिफल दिनु हुनेछ भन्ने अपेक्षा राखेको जानकारी गराउनु भयो ।
- यसै अनुरुप यस पटक ७.५० प्रतिशत बोनस शेयर र नगद लाभाँश प्रदान गर्नु भएको छ । यद्यपि यो प्रतिफल कम भए पनि आगामी वर्षहरुमा लाभाँश नीति बनाई दोहोरो अंङ्कमा प्रतिफल दिन सक्ने गरी कार्य गर्नुहुन सुझाव दिनुभयो ।
- शेयरधनीले दिएको उचित सुझावहरुलाई कार्यान्वयन गर्न अनुरोध गर्दै कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

१०.११ **शेयरधनी श्री डमरु बल्लभ धिमिरे :**

- कम्पनीले प्रतिफल प्रदान गर्न शुरु गरेको र सातौं वर्षमा करिव ८ प्रतिशत प्रतिफल प्रदान गरेकोमा धन्यवाद ज्ञापन गर्दै आगामी वर्ष बढ्दै जाने छ भनी शुभकामना व्यक्त गर्नुभयो ।
- बिषम परिस्थितीमा पनि कम्पनी सूचारु रुपमा सञ्चालनमा रहेकोले व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्नुभयो ।
- गत छैठौं वार्षिक साधारण सभाबाट पारित २५ प्रतिशत हकप्रद शेयर सम्बन्धीत निकायबाट समयमै स्वीकृत नभएकोले आज सातौं वार्षिक साधारण सभामा १७ प्रतिशतमा चित्त बुझाउनु परेकामा दुख: व्यक्त गर्नुभयो ।
- अन्त्यमा, आगामी वर्ष दोहोरो अंङ्कमा प्रतिफलको आशा गर्दै सभाको सफलताको कामना गर्दै व्यवस्थापनलाई धन्यवाद ज्ञापन गनुभयो ।

१०.१२ **शेयरधनी श्री कृष्ण प्रसाद अधिकारी:**

- वित्तीय विवरण उपर समिक्षा गर्दै कम्पनीको खर्चमा मितव्ययिता अपनाउन र वित्तीय विवरण संक्षिप्त प्रकाशित गर्न अनुरोध गर्नुभयो ।
- सञ्चालक समिति र व्यवस्थापनमा योग्य व्यक्तित्वहरु हुनुहुन्छ ,त्यसैले आगामी वर्षमा पनि राम्रो प्रतिफल प्रदान गर्नु हुने आशा गर्दै शुभकामना व्यक्त गर्नुभयो ।

१०.१३ **शेयरधनी श्री निरुपमा गुप्ता :**

- आ.व.२०८१/०८२ सम्ममा प्रति शेयर आम्दानी रु.११.८२ रहेको यस कम्पनीको अन्य Financial Indicators प्रायजसो Positive छ, जुन सुखद पक्ष भएको जानकारी गराउनु भयो ।
- कम्पनीले अवलम्वन गरेको Vison, Values तथा Mission को सराहनिय र प्रशंसा गर्नुभयो ।
- समग्रमा वित्तीय विवरण Positive रहेकोमा खुसी व्यक्त गर्नुभयो ।
- Corporte Social Responsibility अन्तर्गत बिपन्न वर्गका लागी शिक्षा क्षेत्रमा केही रकम छुट्टाउन अनुरोध गर्नुभयो ।
- शेयरधनीहरुलाई प्रतिफल प्रदान गर्नु भएकोमा धन्यवाद ज्ञापन गर्दै आगामी वर्ष दोहोरो अंङ्कमा प्रतिफलको आशा गरेको जानकारी गराउनु भयो ।
- हकप्रद शेयर स्वागत योग्य भएको र हकप्रद शेयर जारीको प्रक्रिया छिटो शुरु गर्न अनुरोध गर्नुभयो ।
- प्रतिवेदन अंग्रेजीमा प्रकाशित भएकोमा नेपालीमा प्रकाशित भएको भए सबैले राम्रोसंग अध्ययन गर्न पाउने उल्लेख गर्नुभयो ।

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

१०.१४ **शेयरधनी श्री शिव प्रसाद देवकोटा :**

- कम्पनीको संस्थागत सुशासनमा केहि कमजोरीहरु भएको महसुस भएको जानकारी गराउंदै कर्मचारीहरुलाई प्रदान गरिने सेवा सुविधामा भेदभाव नगर्न व्यवस्थापनको ध्यानाकर्षण गराउनु भयो ।

१०.१५ **शेयरधनी श्री इन्द्र कृष्ण श्रेष्ठ :**

- कम्पनीले ७.५० प्रतिशत बोनस शेयर तथा ०.३९४७ प्रतिशत नगद लाभाँश दिनु भएकोमा धन्यवाद ज्ञापन गर्दै १७ प्रतिशत हकप्रद शेयरको प्रक्रिया अविलम्व शुरु गर्न अनुरोध गर्नुभयो ।
- वीत्तिय विवरण सबैले बुझ्ने गरी नेपालीमा प्रकाशित गर्नु पर्ने उल्लेख गर्नुभयो ।
- लगानीको प्रतिफल कम भएकोले कम्पनीका लागी भवन निर्माण गर्न अनुरोध गर्नुभयो ।
- वार्षिक प्रतिवेदन शेयरधनीहरुलाई पठाउने व्यवस्थाका लागी अनुरोध गर्नुभयो ।

१०.१६ **शेयरधनी श्री दिपक प्रधान :**

- आजको सभामा मन्तव्य व्यक्त गर्ने अवसर दिनु भएकोमा आभार प्रकट गर्नुभयो । कम्पनीले बोनस शेयर प्रदान गर्नु भएकोमा धन्यवाद दिनुभयो
- आगामी वर्ष दोहोरो अंङ्कमा प्रतिफलको आशा गरेको जानकारी गराउंनु भयो ।

१०.१७ **संस्थापक शेयरधनी श्री झपट बहादुर बोहरा :**

- कम्पनीको आ.व.२०८०/०८१ को वित्तीय विवरण उपर समिक्षा गर्दै कम्पनीले Resonable Trunover गर्न सकेको छ कि छैन? प्रतिष्पर्धीहरु मध्ये कम्पनीले आफुलाई कुन स्थानमा राख्न सकेको छ ? कुन कुन Portfolio मा Revenue Generate गर्न सकेको छ ? कम्पनीको Market Share, Networth तथा Book Value कति छ? यस बारे विश्लेषण गरी जानकारी राख्नु जरुरी भएको जानकारी गराउनु भयो ।
- विश्व अर्थतन्त्रमा आएको मन्दीले गर्दा कहीं न कहीं नेपालको बीमा क्षेत्र पनि चपेटामा परेको तथ्याँकले देखाएको उल्लेख गर्नुभयो ।
- नेपालका प्रतिष्पर्धी बीमा कम्पनीहरुको Growth Rate, Rate of Return, कर्मचारी खर्च, प्रशासनिक खर्च,सञ्चालन खर्च, प्रति कर्मचारी खर्च तथा प्रति कर्मचारी मुनाफा कति छ सोको तुलनात्मक विश्लेषण गर्नु जरुरी भएको जानकारी गराउनु भयो ।
- यस कम्पनीको नाफा Industry Average मा भएकोले कम्पनीले कम नाफा कमायो र कम प्रतिफल दियो भनि व्यवस्थापनको मनोवल घटाउन नहुने भन्नुभयो ।
- यस कम्पनीबाट नेपाल बीमा प्राधिकरणले कुनै टिप्पणी गर्ने खालको काम नगर्न अनुरोध समेत गर्नुभयो ।
- कम्पनी आन्तरिक तथा बाह्रय रुपमा मजबुत बनाउन बीमा ऐन, बीमा नियमावली, प्रचलित ऐन, कानून, संस्थागत सुशासन पालना भएको विषयमा विश्वस्त हुन व्यवस्थापनलाई अनुरोध गर्नुभयो ।



सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

- नियामक निकायबाट वार्षिक प्रतिवेदन स्वीकृत गर्दा राखेका शर्तहरुका विषयमा व्यवस्थापनको ध्यानाकर्षण गराउन भयो ।
- कम्पनीको चुक्ता पूँजी रु.२ अर्व पुगेकोले लगानीलाई विविधिकरण गर्न Mutual Fund खोल्न पाउंछ जस्तो लागेको छ । यस साधारण सभामा Mutual Fund खोल्ने प्रस्ताव ल्याएको भए राम्रो हुन्थ्यो । अत: यस विषयमा बिचार गर्न अनुरोध गर्नुभयो ।
- बाणिज्य बैंकहरुको लगानीमा कम प्रतिफल भएकोले सोको सट्टामा घरजग्गा लगायतमा सुरक्षित लगानी गर्न अनुरोध गर्नुभयो ।

**१०.१८ शेयरधनी श्री लक्ष्मी प्रकाश सैंजु :**

- शेयरधनीहरुले हेर्ने भनेको कम्पनीको EPS हो जुन धट्दो क्रममा रहेकोछ, यसमा ध्यान दिन व्यवस्थापनलाई अनुरोध गर्नुभयो ।
- EPS बढाउन, खुद नाफा बढाउन कि त व्यवसाय बढाउनु पर्यो या खर्च घटाउनु पर्यो । खर्चमा मितव्ययिता अपनाई आगामी वर्षहरुमा EPS बढाउंदै लानु हुनेछ भन्ने आशा व्यक्त गर्नुभयो ।
- गत छैठौं साधारण सभाबाट २५ प्रतिशत हकप्रद शेयर पारित भएकोमा यस सातौं साधारण सभामा १७ प्रतिशत किन गरिएको हो ? २५ प्रतिशत नै गरेको भए हुन्थ्यो । यसमा बिचार गर्नुहुन अनुरोध गर्नुभयो ।

**१०.१९ शेयरधनी श्री युगल वसेल :**

- ७.५० प्रतिशत बोनस शेयर तथा ०.३९४७ प्रतिशत नगद लाभाँशका लागी धन्यवाद दिदैं हकप्रद शेयर यथाशिघ्र जारी गर्न अनुरोध गर्नुभयो ।
- वित्तीय विवरण सुधारात्मक रहेको जानकारी गराउनु भयो ।
- नेपाल बीमा प्राधिकरणले लेखापरीक्षण समिति र आन्तरिक नियन्त्रण प्रणाली सुद्धिढ गर्न सुझाव दिएको तर्फ व्यवस्थापनको ध्यानाकर्षण गराउनु भयो ।
- वित्तीय सूचकांङ्क विस्तृत रुपमा पेश गर्नु भएको भए कति परिवर्तन आएको हो लेखाजोखा गर्न सजिलो हुने थियो भन्नु भयो ।
- आगामी वर्ष दोहोरो अंङ्कमा प्रतिफल प्रदान गर्ने प्रतिवद्धता सञ्चालक समितिले गरोस् भनि ध्यानाकर्षण गराउनु भयो ।
- सञ्चालक समितिको बैठक भत्ता वृद्धि बारे पूनर्बिचार गर्न अनुरोध गर्नुभयो ।
- नव वर्ष २०८२ को मंङ्गलमय शुभकामना व्यक्त गर्नुभयो ।

**१०.२० शेयरधनी श्री उत्तम पाठक:**

- दुई कम्पनी मर्जर भई बनेको कम्पनीमा मर्जरको सिनर्जी नदेखिएको र पूँजी वृद्धि भए पनि व्यवसाय नबढेको तर्फ ध्यानाकर्षण गराउनु भयो ।



सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

- यद्यपी सोल्भेन्सी मार्जिनको अनुपात राम्रो छ । बोनस शेयर तथा नगद लाभाँशका लागी धन्यवाद ज्ञापन गर्नुभयो ।
- गत छैठौं वार्षिक साधारण सभाबाट पारित २५ प्रतिशत हकप्रद शेयरको अनुपात घटाइएकोमा प्रश्न गर्नुभयो ।
- संस्थागत सुशासन, व्यवसाय बिस्तार र खर्च मितव्ययितालाई विशेष ध्यान दिन अनुरोध गर्नुभयो ।
- बोनस शेयर छिटो सूचीकृत गर्ने प्रक्रियामा लाग्न अनुरोध गर्दै सातौं वार्षिक साधारण सभाको सफलताको शुभकामना सहित नव वर्ष २०८२ को मंङ्गलमय शुभकामना व्यक्त गर्नुभयो ।

१०.२१ **शेयरधनी श्री लवराज जोशी :**

- वित्तीय विवरण पुस्तिका शेयरधनीहरु कहाँ पुऱ्याउने व्यवस्था गर्न अनुरोध गर्नुभयो ।

१०.२२ **शेयरधनी श्री उत्सव श्रेष्ठ :**

- ७.५० प्रतिशत बोनस शेयर प्रस्ताव एकदम कम भएको जानकारी गराउनु भयो ।
- गत वर्ष छैठौं साधारण सभाबाट २५ प्रतिशत हकप्रद शेयर पारित भएकोमा आजको सातौं साधारण सभामा संशोधन गरी १७ प्रतिशत मात्र हकप्रद शेयर प्रस्ताव गरेको तर्फ सञ्चालक समितिको ध्यानाकर्षण गराउंनु भयो ।
- कम्पनीको लगानी वृद्धि गर्न तथा खर्चमा मितव्ययिता अपनाई शेयरधनीहरुलाई प्रतिफल दिने तर्फ ध्यान दिन अनुरोध गर्नुभयो ।
- नियामक निकायबाट वित्तीय विवरण स्वीकृत गर्दाका शर्तहरुका बारेमा ध्यानाकर्षण गराउनु भयो ।
- अन्त्यमा आगामी वर्ष कम्तीमा १० प्रतिशत प्रतिफल प्रदान गर्न अनुरोध गर्नुभयो ।

१०.२३ **शेयरधनी श्री गुण राज भट्ट :**

- नियामक निकाय नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम पूँजी वृद्धि गर्नका लागी ७.५० प्रतिशत बोनस शेयर र १७ प्रतिशत हकप्रद शेयर जारीको प्रस्ताव गर्नु भएकोमा स्वागत गर्दै आगामी वर्ष यो भन्दा बढी प्रतिफलको आशा गरेको जानकारी गराउनु भयो ।

१०.२४ **शेयरधनी श्री लक्ष्मण बहादुर श्रेष्ठ :**

- कम्पनीले आर्थिक वर्ष २०८०/०८१ मा शेयरधनीहरुलाई ७.५० प्रतिशत बोनस शेयर र कर प्रयोजनका लागी ०.३९४७ प्रतिशत नगद लाभाँश दिनु भएकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

- आगामी वर्ष लाभाँश बढनुका साथै ५०/५० प्रतिशतको अनुपातमा बोनस र नगद दिन आग्रह गर्नुभयो ।
- यस साधारण सभामा पेश भएका सबै एजेण्डाहरुमा आफ्नो पूर्ण समर्थन जनाउँदै यो वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

१०.२५ **शेयरधनी श्री जगन्नाथ आचार्य :**

- यस कम्पनीको आज सम्पन्न हुन गइरहेको सातौं वार्षिक साधारण सभामा शेयरधनीको हैसियतले केही बिचार अभिव्यक्त गर्ने अवसर दिनु भएकोमा कम्पनी व्यवस्थापन प्रति हाभार व्यक्त गर्नुभयो ।
- सर्वप्रथम कम्पनीले गत आर्थिक वर्षको मुनाफाबाट हामी शेयरधनीहरुलाई ७.५० प्रतिशत बोनस शेयर र ०.३९४७ प्रतिशत नगद लाभाँश गरी कुल ७.८९४७ प्रतिशत लाभाँशको प्रस्ताव र १:०.१७ को अनुपातमा हकप्रद शेयरको अर्को प्रस्ताव ल्याएकोमा खुसी व्यक्त गर्नुभयो ।
- कम्पनीले सभामा प्रस्तुत सामान्य तथा विशेष प्रस्तावहरुमा आफ्नो पूर्ण समर्थन रहेको जानकारी गराउनु भयो ।
- बिगतमा यस कम्पनीले सामाजिक क्षेत्रमा गरेको योगदानका प्रशंसा गर्दै शिक्षा,स्वास्थ्य तथा सामाजिक जीवनमा प्रत्यक्ष राहत पुग्ने कार्यमा निरन्तर सहयोग पुऱ्याउन र उक्त रकम ठिक ठाँउमा सहि तरिकाले प्रयोग भएको छ कि छैन सोको सुपरिवेक्षण गर्नु आवश्यक भएको उल्लेख गर्नुभयो ।
- नेपाल बीमा प्राधिकरणले राखेका शर्त तथा कैफियतहरुलाई ध्यानमा राखी क्रमश: सुधार गर्दै अगाडी बढ्न अनुरोध गर्नुभयो ।
- अन्त्यमा, आगामी आर्थिक वर्ष २०८१/०८२ को साधारण सभामा शेयरधनीहरुलाई आकर्षित पार्ने खालको लाभाँश प्रस्ताव ल्याउन वर्तमान सञ्चालक समितिलाई सफलता मिलोस् भन्ने कामना गर्दै आजको वार्षिक साधारण सभा सभ्य र भव्य रुपले सम्पन्न होस भन्ने कामना गर्नुभयो ।

**११.** सभाका सभापति तथा कम्पनीका अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट प्राप्त प्रतिक्रिया, जिज्ञासा तथा महत्वपूर्ण राय सुझावका लागी धन्यवाद दिनुहुंदै उहाँहरुको जिज्ञासालाई सम्बोधन गर्नुभयो ।

यस कम्पनीको आजको सातौं वार्षिक साधारण सभामा प्रस्तुत वित्तीय विवरण उपर छलफल कार्यक्रममा सक्रिय रुपमा सहभागी भई महत्वपूर्ण राय, सुझाव पेश गर्नु भएकोमा आदरणीय शेयरधनी महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

- उहाँले शेयरधनीहरुबाट प्राप्त राय, सुझाव एकदम मनन् गरी सहर्ष स्वीकार गर्दै आगामी दिनहरुमा सुधार गर्दै लैजाने वचन वद्धता व्यक्त गर्नुभयो ।
- गत छैठौं वार्षिक साधारण सभाबाट पारित २५ प्रतिशत हकप्रद शेयर निष्काशनको स्वीकृतिका लागी सम्बन्धीत निकायमा निवेदन पेश गरिएकोमा विविध कारणले स्वीकृति



सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

प्रक्रिया ढिला हुन गएको र यसै बिच कम्पनीको समिक्षा वर्षको मुनाफाबाट हालको चुक्ता पूँजी रु.२ अर्वको ७.५० प्रतिशत बोनस शेयर दिन सकिने भएको तथा नेपाल बीमा प्राधिकरणमा स्वीकृतिका लागी निवेदन पेश गरेकोमा पूँजी वृद्धिका लागी प्रस्तावित ७.५० प्रतिशत बोनस शेयर र गत वर्षको स्वीकृत २५ प्रतिशत हकप्रद शेयरमा संशोधन गरी बोनस शेयर पश्चात १७ प्रतिशतमात्र प्रस्ताव पेश गर्न स्वीकृति प्रदान भएकोले निर्देशन बमोजिम संशोधित १७ प्रतिशत हकप्रद शेयर जारीको प्रस्ताव आजको साधारण सभामा पेश गरेको जानकारी गराउनु भयों ।

- आर्थिक सुशासनमा बिषयमा कम्पनी अत्यन्त संवेदनशिल रहेको, Compliance को बारेमा नियामक निकायबाट आकस्मिक र नियमित रुपमा प्रत्येक वर्ष ३/४ पटक स्थलगत निरीक्षण हुने गरेको तथा त्रैमासिक रुपमा Compliance र Corporte Governance प्रतिवेदन प्राधिकरणमा पठाउने गरेका जानकारी गराउनु भयो । हालसम्म हामीले कुनै अन्यथा भएको जानकारी नपाएको भन्दै कम्पनीको Output र Result ले यसलाई पुष्टि गर्दछ भन्नुभयो ।
- आजको सभाबाट पारित हालको चुक्ता पूँजी रु.२ अर्वको ७.५० प्रतिशत बोनस शेयर तथा बोनस शेयर वितरण पछिको चुक्ता पूँजी रु.२ अर्व १५ करोडको १७ प्रतिशत हकप्रद शेयर जारी पश्चात चुक्ता पूँजी रु.२ अर्व ५१ करोड ५५ लाख हुने भएकोले शेयरधनीहरुलाई दोहोरो अंकमा प्रतिफल दिन प्रयासरत रहेका समेत जानकारी गराउनु भयो ।
- हकप्रद शेयरको स्वीकृतिका लागी निवेदन दर्ता भईसकेकोमा सोमा संशोधन गरी पून: पेश गर्ने र सम्बन्धीत निकायको स्वीकृति लिई आगामी वर्षको आषाढ भित्र हकप्रद शेयर जारी गर्नेमा लागेको बताउनु भयो ।
- कम्पनी खर्च मितब्ययितामा अत्यन्त सजग रहेको र गत वर्ष खर्च बढनुको कारण मर्जर अघिको साविक जनरल इन्स्योरेन्स कम्पनी नेपाल लि.को खर्चहरु Reserve मा राखेको हुनाले गत वर्ष कम देखिएको उल्लेख गर्नुभयो ।
- वित्तीय विवरणको Discloser र Transparancy मा कम्पनी अत्यन्त सजग रहेको बताउनु भयो ।
- कम्पनीले आगामी बैशाख महिना देखि Digital Policy जारी गर्ने प्रक्रियामा प्रयासरत रहेको जानकारी गराउनु भयो ।
- बीमा प्रिमियम आम्दानी तर्फ Micro र Cattle बीमामा प्रिमियम कम भएको बिषयमा माइक्रो इन्स्योरेन्स कम्पनी सञ्चालनमा आइसकेको र ति क्षेत्रहरु माइक्रो इन्स्योरेन्सको क्षेत्र तोकिएको हुनाले कम्पनीको बीमा कम भएको जानकारी गराउनु भयो ।
- नेपाल बीमा प्राधिकरणबाट प्राप्त सुझाव अनुसार नै कम्पनीले कार्य सञ्चालन गर्दै आएको उल्लेख गर्नुभयो ।
- लगानी घटेको सन्दर्भमा गत आश्विन महिनामा परेको अविरल वर्षाका कारण आएको बाढीबाट यस कम्पनीमा बीमा भएको धेरै सम्पत्ति तथा सवारी साधनहरुको क्षति हुन



सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

गई धरै दाबी पर्न आएकोले समयमै दाबीहरु भुक्तानी गर्नु परेकोले लगानी घटेको जानकारी गराउनु भयो ।

- कम्पनीको भवन निर्माणका लागी जग्गा खरिद गर्न नियामक निकाय नेपाल बीमा प्राधिकरणको स्वीकृतिका लागी निवेदन पेश गरेको र यस सम्बन्धमा छिट्टै स्वीकृति प्राप्त हुने आशा व्यक्त गर्नुभयो ।
- हालको परिस्थितिमा कम्पनीका लागी जग्गा खरिद गरी भवन निर्माण गरी व्यवस्थापन खर्च घटाउने उल्लेख गर्नुभयो ।
- सञ्चालकको भत्ता वृद्धि सम्बन्धमा, दुइ कम्पनीको मर्जरको बेलामा बैठक भत्ता बढाउने कुरा भएकोमा शेयरधनीहरुलाई केही प्रतिफल दिएपछि मात्र भत्ता बढाउने कुरा भए अनुसार यस सभामा प्रस्ताव ल्याइएको र हालको प्रस्तावित बैठक भत्ता वृद्धि पश्चात पनि अन्य बीमा कम्पनीहरुको बैठक भत्ता भन्दा पनि कम रहेको जानकारी गराउनु भयो ।
- कम्पनीको प्रगति तथा उन्नतिका लागी अथक प्रयासरतं रहेको र शेयरधनीहरुलाई पनि दोहोरो अंकमा प्रतिफल दिन प्रयासरत रहने जानकारी गराउनु भयो ।
- वित्तीय विवरण अंग्रेजी भाषामा प्रकाशित भएको सम्बन्धमा Nepal Financial Reporting System (NFRS) बमोजिम विवरणहरु प्रकाशित गर्नु पर्ने भएकोले वासलात र सो सम्बन्धी विवरणहरु  अंग्रेजी भाषामा र अन्य विवरण नेपाली भाषामा प्रकाशित गरिएको उल्लेख गर्दै उहाँले आगामी वर्ष नेपाली भाषामा प्रकाशित गर्न प्रयास गर्ने जानकारी गराउनु भयो ।
- कम्पनीको लगानी विविधिकरण गर्ने सोचमा रहेको र नियामक निकाय श्री नेपाल बीमा प्राधिकरणबाट जारी निर्जीवन बीमा कम्पनीको लगानी निर्देशिका बमोजिम कम्पनीको पूँजी तथा बचत रकम लगानी भइरहेको जानकारी गराउनु भयो ।
- निर्जीवन बीमा कम्पनीमा बीमा दाबी धेरै हुने भएकोले समयमै दाबी भुक्तानी गर्नुपर्ने कारणले राम्रो प्रतिफल प्राप्त हुने दिर्घकालिन लगानी गर्न नसकिने भएकोले अल्पकालिन लगानी गर्नुपरेको जानकारी गराउनु भयो ।
- नेपाल बीमा प्राधिकरणबाट जारी बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०८० को दफा ४५ बमोजिम यस कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खुद मुनाफाको एक प्रतिशत रकम छुट्टाई निर्देशिकामा तोकिएका क्षेत्रहरुमा खर्च गर्नुपर्ने व्यवस्था अन्तर्गत समिक्षा वर्षमा रु.५,८२,७२५/- खर्च गरेको र कम्पनी ऐन, २०६३ को दफा १०५, उपदफा १(ग) बमोजिम अनुमोदनका लागी यस सभामा पेश गरिएको जानकारी गराउनु भयो ।
- लेखापरीक्षण खर्च बढि भएको बिषयमा कम्पनीको आन्तरिक तथा बाह्य लेखा परीक्षणको क्रममा शाखा कार्यालयहरुको समेत लेखापरीक्षण गर्नुपर्ने भएकोले लेखापरीक्षण टिमहरुको भ्रमण तथा होटल खर्चहरु समावेस भएकोले बढी देखिएको जानकारी गराउनु भयो ।



सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

- अन्त्यमा, शेयरधनी महानुभावहरु सक्रिय रुपमा छलफलमा सहभागी भई राय सुभावहरु दिनु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

**१२.सभाबाट भएका निर्णयहरु:**

प्रस्तुत वार्षिक प्रतिवेदन उपर शेयरधनीहरुबाट प्राप्त सुझाव तथा जिज्ञासाहरुको सम्वोधन पश्चात सभा सञ्चालक एवं कम्पनी सचिव श्री सुबोध लाल श्रेष्ठले सभाका सभापतिज्यूको अनुमति लिई छलफलका बिषयहरु पारित गर्नका लागि सभा समक्ष पेश गर्नु भएकोमा देहाय बमोजिम प्रस्तावहरु पारित गरियो ।

**क) सामान्य प्रस्तावहरु तथा सोमा भएको निर्णय :**

(१) कम्पनीको सातौ वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत हुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

प्रस्ताव नं.(१) को सम्बन्धमा, संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन निर्णयार्थ सभामा प्रस्तुत भएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

(२) कम्पनीको लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०८०/०८१ आषाढ मसान्तको वासलात, मिति २०८०।०४।०१ गते देखि २०८१।०३।३१ गते सम्मको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

प्रस्ताव नं. (२) को सम्बन्धमा कम्पनीको लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०८०/०८१ को वासलात, मिति २०८०।०४।०१ गते देखि २०८१।०३।३१ गते सम्मको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्नका लागि सभामा प्रस्तुत भएकोमा सो प्रतिवेदनहरु सर्वसम्मतिबाट पारित गरियो ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लागि वाह्य लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक कानूनत पुनः नियुक्त हुन योग्य रहेको) ।

प्रस्ताव नं. (३) को सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिमको लागी बाह्य लेखापरिक्षण गर्नका लागि संचालक समितिको सिफारिशमा श्री एन. अमात्य एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट्सलाई यस कम्पनीको चालु आर्थिक वर्ष २०८१/०८२ को वाह्य लेखापरीक्षण, कर लेखापरीक्षण, विस्तृत लेखापरीक्षण प्रतिवेदन (LFAR), नेपाल वित्तीय प्रतिवेदन मान ( NFRS) बमोजिमको वित्तीय विवरण परीक्षण तथा कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको विवरण,संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालन प्रतिवेदन प्रमाणिकरण गर्नका लागी लेखापरिक्षक नियुक्त गर्ने र पारिश्रमिक वापत मुल्य अभिवृद्धि कर बाहेक रु.४,५०,०००/- (रु.चार लाख पचास हजार मात्र) प्रदान गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा सर्वसम्मतिबाट पारित गरियो ।

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

(४) संचालक समितिबाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पुँजी रु. २,००,००,००,०००।- मा ०.३९४७ प्रतिशतका दरले नगद लाभांश रु. ७८,९४,७३७-(अक्षरेपी : अठहत्तर लाख चौरानब्बे हजार सात सय सैतिस मात्र) पारित गर्ने । (प्रस्तावित लाभांश कर प्रयोजनार्थ)

प्रस्ताव नं. (४) को सम्बन्धमा, संचालक समितिबाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पुँजी रु. २,००,००,००,०००।- मा ०.३९४७ प्रतिशतका दरले नगद लाभांश रु. ७८,९४,७३७-(अक्षरेपी : अठहत्तर लाख चौरानब्बे हजार सात सय सैतिस मात्र) प्रस्तावित लाभांश कर प्रयोजनाथ पारित गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा सर्वसम्मतिबाट पारित गरियो ।

**ख) <u>विशेष प्रस्ताव तथा सोमा भएको निर्णय :</u>**

(१) संचालक समितिबाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पुँजी रु. २,००,००,००,०००।- मा ७.५ प्रतिशतका दरले रु. १५,००,००,०००।-(अक्षरेपी : पन्ध्र करोड मात्र) को बोनश शेयर पारित गर्ने । बोनश शेयर जारी गर्दा जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएबाट सोही अनुरुप प्रबन्धपत्र र नियमावली संशोधन गर्ने ।

प्रस्ताव नं. (ख) १ को सम्बन्धमा संचालक समितिबाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पुँजी रु.२,००,००,००,०००।- मा ७.५ प्रतिशतका दरले रु.१५,००,००,०००।- (अक्षरेपी: पन्ध्र करोड मात्र) को बोनश शेयर पारित गर्ने र बोनश शेयर जारी गर्दा जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएबाट सोही अनुरुप प्रबन्धपत्र र नियमावली संशोधन गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा सर्वसम्मतिबाट पारित गरियो । जारी पूँजी तथा चूक्ता पूँजी बृद्धि गर्न प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्न कम्पनीको प्रबन्धपत्रको दफा ५(ख) र (ग) संशोधन सहितको यसै साथ संलग्न तीन महल सर्वसम्मतिबाट पारित गरियो ।

(२) छैठौ वार्षिक साधारण सभाबाट पारित २५ प्रतिशत हकप्रद शेयर संशोधन गरि १७ प्रतिशत हकप्रद शेयर जारी गर्ने । हकप्रद शेयर पारित गर्दा भिन्न अंकमा आउने शेयरलाई संस्थापक शेयर र सर्वसाधारण शेयरको अनुपात कायमै राखी नजिकको पुरा अंक कायम गर्ने ।

प्रस्ताव नं. (ख) २ को सम्बन्धमा नेपाल बीमा प्राधिकरणले तोकेको न्युनतम चुक्ता पूजी रु २ अर्व ५० करोड पुऱ्याउन हाल यस कम्पनीको चुक्ता पूजी रु. २ अर्वको ७.५० प्रतिशत बोनस शेयर जारी पश्चात कायम हुने पूजी रु २ अर्व १५ करोडको १७ प्रतिशत हकप्रद शेयर जारी गर्ने र हकप्रद शेयर जारी गर्दा भिन्न अंकमा आउने शेयरलाई संस्थापक शेयर र सर्वसाधारण शेयरको अनुपात कायमै राखी नजिकको पुरा अंक कायम गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

(३) कम्पनी ऐनको दफा १०५ को उपदफा १(ग) बमोजिम आ.व. २०८०/०८१ मा भएको खर्चको अनुमोदन गर्ने ।

प्रस्ताव नं. (ख) ३ को सम्बन्धमा कम्पनी ऐनको दफा १०५ को उपदफा १(ग) बमोजिम आ.व. २०८०/०८१ मा यस कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरेको खर्च रकम रु.५,८२,७२५।- अनुमोदन गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा सर्वसम्मतिबाट पारित गरियो ।

(४) सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरुको बैठक भत्ता संशोधन गर्ने ।



सानिमा आईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

प्रस्ताव नं. (ख) ४ को सम्बन्धमा कम्पनीको स्थापनाकाल देखि कायम रहेको अध्यक्षलाई रु.८,०००/- तथा सञ्चालकलाई रु.६,०००/- प्रति बैठक, बैठक भत्ता प्रदान गरिदैं आएकोमा हाल उक्त भत्ता रकम अन्य निर्जीवन बीमा कम्पनीहरुको तुलनामा कम रहेको र त्यसमा समयसापेक्ष संशोधन गर्न मनासिव भएकोले अध्यक्षलाई रु.१२,०००/- तथा सञ्चालकलाई रु.१०,०००/- प्रति बैठक, बैठक भत्ता वृद्धि गर्न पेश गरिएको सभामा प्रस्तुत भएकोमा सर्वसम्मतिबाट पारित गरियो ।

(५) प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अधिकार प्रत्यायोजन गर्ने । संशोधित प्रबन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृती गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो बमोजिम संशोधन वा परिवर्तन गर्न तथा अन्य कार्यहरु समेत गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने ।

प्रस्ताव नं. (ख) ५ को सम्बन्धमा उपरोक्त (क) र (ख) बमोजिम पारित सामान्य तथा विशेष प्रस्ताव स्वीकृतीको लागी पेश हुँदा नियमनकारी निकाय वा सम्बन्धित कार्यालयबाट कुनै विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो बमोजिम संशोधन वा परिवर्तन गर्न तथा अन्य कार्यहरु समेत गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा सर्वसम्मतिबाट पारित गरियो ।

**ग) विविध प्रस्ताव तथा सोमा भएको निर्णय :**

विविध बिषयमा कुनै प्रस्तावहरु नआएको हुनाले कुनै निर्णय गरिएन ।

**१३. धन्यबाद ज्ञापन :**

कम्पनीको सातौं वार्षिक साधारण सभामा प्रस्तुत भएका मन्तब्य, जिज्ञासा, टिप्पणी तथा सुझावहरु कम्पनीको हितको लागि अतिनै महत्वपूर्ण रहेको उल्लेख गर्दै कम्पनीको काम कारवाहीमा अभिरुची राखी सञ्चालक समिति तथा ब्यवस्थापनलाई मार्ग निर्देशन एवं प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक आभार ब्यक्त गर्दै सफलतापूर्वक सभा संचालनमा सहयोग पुऱ्याउनुहुने कम्पनी ब्यवस्थापन एवं सम्पूर्ण कर्मचारीहरु प्रति सभाका सभापतिबाट हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

**१४. सभा बिसर्जन :**

अन्त्यमा, सभाका सभापति, अध्यक्ष श्री कुनाल कयालज्यूले छलफल गर्नुपर्ने कुनै बिषय बाँकी नरहेको हुनाले कम्पनीको सातौं वार्षिक साधारणसभा अपरान्ह ३.४५ बजे बिसर्जन गर्नुभयो ।

श्री सुबोध लाल श्रेष्ठ
(कम्पनी सचिव /नायव महाप्रवन्धक)

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

श्री कुनाल कयाल
(अध्यक्ष)

मिति : २०८१ साल चैत २१ गते बिहीवार ।